# आँधीखोला गाउँपालिका

## सेतिदोभान, स्याङ्जा

# आ.व. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम

आँधीखोला गाउँपालिकाको सम्मानित तेश्रो गाउँसभामा उपस्थित प्रमुख अतिथि, आँधीखोला गाउँपालिकाको उपाध्यक्षज्यू, सम्पूर्ण सभासदज्यूहरु, प्रमुख प्रसाशकिय अधिकृत, उपस्थित राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, सरकारी कार्यालयका प्रमुखज्यूहरु, कर्मचारीमित्रहरु, विद्यालयका शिक्षकज्यूहरु, समाजसेवी लब्ध प्रतिष्ठित महानुभावहरु, गैरसरकारी संस्था महासंघका अध्यक्षज्यू, पत्रकार महासंघका जिल्ला अध्यक्ष लगायत सम्पूर्ण संचारकर्मी मित्रहरु एवं सामुदायिक संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, टोल विकास संस्थाका अध्यक्ष एवं सदस्यज्यूहरु, सामाजिक, शैक्षिक, क्षेत्रमा क्रियाशील विशिष्ट महानुभावहरु, लगायत सम्पूर्ण महानुभावहरुमा यस आँधीखोला गाउँपालिकाको तेश्रो गाँउसभाको नीति तथा कार्यक्रम प्रस्तुतीकरण समारोहमा उपस्थित भई यस समारोहको गरिमा बढाईदिनु भएकोमा स्वागत एवं सम्मान व्यक्त गर्न चाहन्छु । त्यसैगरी यस पावन अवसरमा म नेपालको संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक जनआन्दोलनहरु, जनयुद्ध र मधेश आन्दोलनको क्रममा राष्ट्र र जनताको लागि आफ्नो जीवन समर्पण गर्नुहुने ज्ञात अज्ञात वीर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरे बमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतिक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२।६३ को जनआन्दोलन, मधेश आन्दोलन, दुईपटकसम्म भएको संविधानसभाको निर्वाचन पश्चात जनताका प्रतिनिधिले नै निर्माण गरेको संविधान हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई अक्षरसः पालना गर्ने क्रममा स्थानीय, प्रदेश र संघिय तिनै तहको निर्वाचन, २०७४ सम्पन्न भई सकेर आज हामी आँधीखोला गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही आफ्नो नीति आँफै बनाउने र आफ्नो लागि आँफै कानुन बनाई कार्यान्वयन गर्ने लोकतन्त्रको अभ्यास स्थानीय तहमा नै गर्न पाइरहेका छौं । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा नेतृत्व गर्नुहुने सम्पुर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु । सम्पुर्ण बेपत्ता नागरिक, जनआन्दोलनका घाइते तथा पीडितहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । संघीयता र स्थानीय सरकार मार्फत गाउँ गाउँमा सिंहदरबार, जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई आएको छ । उक्त स्थानीय तह सरकारकै रुपमा रहेको र कानुनी प्रावधान अनुसार व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको प्रयोग हामिले विगत एक वर्ष भन्दा वढि समय देखि गर्दै आएका छौं । स्थानीय, प्रदेश र संघिय तहको निर्वाचन सम्पन्न भइसकेको र देशमा राजनीतिक रुपमा स्थायित्व कायम भएकोले विकासका गतिविधिहरु फस्टाउने सम्भावनाहरु देखिएको छ । स्थानिय श्रोत र साधनको उच्चतम प्रयोग गर्दै गाउँको आर्थिक वृद्धि गर्नु हाम्रो प्रमुख दायित्व रहेको छ । जनतामा विकास प्रतिको तीव्र चाहना, जनप्रतिनिधिमार्फत स्थानीय तहमा नै सहभागिता, जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्वको अभ्यास हुने, स्थानीय तहदेखि नै लोकतन्त्रको असली अभ्यास हुन थाल्नु ग्रामीण क्षेत्र विकासका नयाँ संकेतहरु हुन् । प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्दा गाउँवासीहरुको विकासको आवश्यकता, नेपाल सरकार, प्रदेश सरकार र स्थानिय सरकार सञ्चालन ऐन र कार्यबिधिले दिएको मार्गदर्शनलाई मुख्य आधार बनाएको छु । स्थानीय तहले आफ्नो क्षेत्रभित्र लगाउने कर, शुल्क तथा राजश्वको दर निर्धारण गर्ने, वर्षभरी प्राप्त हुने राजश्वको अनुमान गर्न राजस्व परामर्श समितिको बैठक, अनुदान तथा अन्य स्रोतको प्रक्षेपण गर्न बजेट सीमा निर्धारण समितिको बैठक, जनताले आफ्ना आवश्यकताहरुलाई सम्बोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न सकुन भन्ने उद्देश्यले सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप स्थानीय तहका गाउँ, बस्ती, टोल हुँदै वडा समिति, र विषयगत समितिहरुको बैठक, राजनितिक दल लगायत अन्य सरोकारवाला हरु संग छलफल र अन्तरक्रिया गरि प्राप्त सूझावहरुको आधारमा वृहत छलफल

पश्चात कार्यपालिकाले स्वीकृत गरी गाउँसभामा आज पेश हुन आएको आँधिखोला गाउँपालिकाको आ.व.०७५।७६ को वार्षिक नीति तथा कार्यक्रम घोषणा गर्न पाउँदा म निकै हर्षित एवं गौरवान्वित छु ।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

स्याङजा जिल्लाको पहिचानको रुपमा रहेको आँधीखोलाको शीरमा अवस्थित ,समग्र जिल्लाको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, कृषि, पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण केन्द्रका रुपमा रहेको यस आँधीखोला गाउँपालिकाको तेश्रो गाउँसभामा आगामी आर्थिक वर्ष ०७५/७६ को बार्षिक विकास योजनाहरुको प्रस्तावित नीति तथा कार्यक्रमको विवरण सहित यहाँहरु सामू उपस्थीत भएको छु । यसै वर्षदेखी  नाउँडाडा कार्कीनेटा सडकलाई अन्धाअन्धी श्रवणकुमार सडक  नामाकरण गरी गाँउपालिकाको गौरवको आयोजनाको रुपमा संचालन गरिने छ । गाँउपालिकाको कार्यालय भवन, ब्यापारीक भवन साथै अन्धाअन्धी श्रवणकुमार पर्यटन पुर्वाधार प्रवर्द्धन पनि गौरवका आयोजनाको रुपमा समेटिने छ ।

आदरणीय सभासद्ज्यूहरु,

गाउँपालिकाको एक बर्षे कार्यकालमा निम्न बमोजिमका सकरात्मक कार्यहरु थालिएकोले आगामी आ.ब.मा अपेक्षा गरेका कार्यहरु पुरा गर्न सकिने विश्वास लिएको छु ।

१. जनप्रतिनिधीको गाउँपालिकामा बहाली भए पश्चात कृषि सेवाकेन्द्रको भवनबाट कार्य सञ्चालनको थालनी गरिएकोमा उक्त  भवनलाई मर्मतसम्भार गर्दै नयां भवनको निर्माण गरिएको छ । कार्यालयमा आवश्यक पर्ने फर्निचर, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशीन, लगायतका दैनिक प्रशासनिक कार्यका लागि आवश्यक पर्ने मेशीनरी उपकरणहरुको ब्यवस्थापन गरी कार्यालयलाई सेवाग्राही मैत्री बनाउन बिभिन्न शाखा कार्यालयहरुको स्थापना गरिएको छ ।

२. गाउंपालिकाको यथार्थ अवस्था पहिचान गर्न पार्श्वचित्र तयार गरिएको छ ।

३. पर्यटन तथा सडक यातायात गुरुयोजना, सडकहरुको विस्तृत सर्भेक्षण, डिजाइन, तथा लागत अनुमान तयार गरि आगामी दिनहरुमा विकासका लागि मार्गदर्शन प्राप्त भएको छ ।

४.जनताको काम समयमै व्यवस्थित होस भनी प्रत्येक महिना नियमित रुपमा गाउँ कार्यपालिकाको बैठक, कर्मचारीहरुको बैठक, सामाजिक परिचालकहरुसँगको बैठक, वडाहरुमा वडा समितिको बैठक तथा आवश्यकता अनुसार अन्य बैठकहरु राखी छलफल गर्ने र निर्णय गर्ने गरिएकोले कार्य प्रक्रियामा पनि सहजीकरण हुने गरेको छ ।

५.सार्वजनिक एवं सरकारी जग्गाहरुको संरक्षण गर्ने दायित्व गाउँपालिकाको समेत हुने भएकाले हाम्रो बहाली हुनासाथ सार्वजनिक तथा सरकारी जग्गा छानवीन गरी प्रतिवेदन पेश गर्ने समिति गठन गरी गरिएको र उक्त समितिले उपरोक्तानुसारको लगत एकीन गरि पेश गर्ने कार्य अघि बढाएको छ ।जसले गर्दा यो गाउँपालिकामा सार्वजनिक र सरकारी जग्गा कति छ भन्ने तथ्यांक प्राप्त हुनेछ । जसले सार्वजनिक जग्गाहरुको संरक्षण र उपयोगमा सहयोग पुग्ने देखिन्छ ।

६. असार मसान्तको अन्त्यमा योजना सम्पन्न गर्ने परीपाटीको अन्त्य गरी दोश्रो चौमासीकको अवधिमै विकास निर्माणका कामहरु सम्पन्न गर्न सफल भएका छौं ।

७.गाउँपालिकाको कार्यालयको लागी आवश्यक जग्गा प्राप्त गर्न सफल भएका छौं । साथै गाउँपालिकाको स्वामित्वमा आएको जग्गाको गुरुयोजना तयार गर्ने प्रकृया समेत अगाडी बढाएका छौं ।

८.गाउँपालिकाको सुचना सबै आमनागरिक, सेवाग्राही तथा सरोकारवालाहरु समक्ष छिटो छरितो रुपमा पुऱ्याउन गाउँपालिकाको आफ्नै मोवाइल एप्स बनाउन सफल भएका छौं ।

९. गाउँपालिका भित्रका कक्षा १ देखी ३ सम्मका आधारभुत विद्यालयहरुको पठनपाठनमा एकरुपता कायम गर्नका लागी एकै खालका पाठ्यपुस्तक निशुल्क वितरण गरीएको छ ।

१०. गाँउपालिकाका ६ वटा विद्यालयहरु र ६ वटा स्वास्थ्य केन्द्रहरुमा सोलार प्यानल र सडक बत्ती जडान गर्न सफल भएका छौं ।

११. समयमै टोल विकास संस्था र उपभोक्ता समितिको गठन, परिचालन र प्रशिक्षण गर्न सफल भएका छौं ।

१२. माटो परीक्षण शिविर संचालन गरी माटोको गुणस्तर पहिचान गरिएको छ ।

**सभासद् एवं उपस्थित सम्पूर्ण महानुभावहरु :**

अब म तेश्रो गाउँ सभामा प्रस्तुत आगामी आ.व.२०७५।०७६ को बजेट तथा कार्यक्रमहरु कार्यान्वयनका लागि "**कृषि र पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार; सेवा, विकास, सुशासन र सम्बृद्धि नै हाम्रो कार्यभार"** भन्ने मूल नाराका साथ गाउँको समृद्धि तर्फको यात्रालाई अगाडि बढाउने सोचका साथ निम्न क्षेत्रगत नीतिहरु जारी गरिएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

**स्पष्टोक्तिः**

निम्न उल्लेखित क्षेत्रगत नीतिहरु गाउँपालिकाले सञ्चालन गर्दा कार्यक्रम/योजना बनाई कार्यान्वयन गर्नेछ । गाउँपालिकाको आर्थिक र सामाजिक विकासको क्षेत्रमा मार्गदर्शकको रुपमा रहेका यी क्षेत्रगत नीतिहरु गाउँपालिकाको आन्तरिक एवं बाह्य आयको पर्याप्तताको आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिने छ । साथै यी क्षेत्रगत नीतिहरु कार्यान्वयन नभएको भनी कुनै अड्डा अदालतमा उजुर/वाजुर लाग्ने छैन ।

***आँधीखोला गाउँपालिकाले आ.व. २०७५/०७६ को लागि अवलम्वन गर्ने क्षेत्रगत नीतिहरु***

## क) आर्थिक विकास

**कृषि**

- निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषितर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई गुणस्तरीय उत्पादनका लागि विषादी रहित प्राङगारिक (अर्गानिक) बालि उत्पादन, प्रशोधन र बजारिकरणमा जोड दिइने छ ।
- आय आर्जन कार्यक्रम सञ्चालन गर्न व्यवसायिक कृषकहरुलाई सुलभ व्याजदरमा कृषि ऋृण उपलब्ध गराउन सहकारी तथा बित्तीय संस्थाहरु संग सहकार्य गरिने छ ।

- गाउँपालिकाको पञ्चमूल क्षेत्र, सेतीदोभान क्षेत्र, जुग्लेबजार क्षेत्र, चिलाउनेभाटी र अन्य सम्भाव्य क्षेत्रलाई साप्ताहिक वा निश्चित बारहरुमा सव्जी मण्डी थोक बजार, हाटबजार, तरकारी वा अन्य कृषि उत्पादन संकलन केन्द्रका रुपमा विकास गरी कृषि बजारलाई प्रवर्द्धन गरीने छ ।
- युवाहरुको विदेश पलायन हुने सोचलाई निरुत्साहित गर्न नमूनाको रुपमा गाउंपालिका भित्र ३० जना व्यवसायिक कृषक छनौट गरी कृषि क्षेत्रका विभिन्न व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- मौरीपालन, च्याउको विउ, उन्नत तरकारीको बीउ, फलफूलको विरुवा, प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी, माछाको भुरा, आधुनिक कृषि औजार तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसान र कृषक समूहलाई प्रोत्साहन गर्न उत्पादित वस्तुहरुको बजारीकरणमा जोड दिईनेछ ।
- कृषकहरुले कृषि क्षेत्रमा गरेको उपलब्धिलाई मापन गरी प्रतिस्पर्धाका आधारमा सम्मान गर्ने र कृषि मेला तथा प्रदर्शनी गराई मनोवल बृद्धि गर्न पुरस्कृत गरिनेछ ।
- लोप हुन लागेका स्थानीय रैथाने जातका बीउ बीजनहरुको संरक्षण गरिनेछ ।
- संघिय सरकार र प्रदेश सरकारको सहकार्यमा कृषि उपज संकलन केन्द्र र चिस्यान केन्द्र स्थापना गर्न प्रयत्न गरिने छ ।
- कृषि विमाका सम्वन्धमा अभिमूखिकरण गरी कृषि विमालाई प्रोत्साहन गरिने छ ।
- कृषि विकासको लागि गाउंपालिका भित्र एक वडा एक नमुना गाउँ बनाउन सहकारी, गैर सरकारी र निजी साझेदारी नीति लिईने छ ।
- कृषकहरुको कृषि उत्पादनलाई सुनिश्चित गर्न र लगाएको बालीको संरक्षण गर्न सम्बन्धीत निकायहरु सँग समन्वय गरी बाँदर नियन्त्रण गर्न पहल गरिनेछ ।
- एक घर एक करेसावारी अवधारणालाई कार्यान्वयन गरिने छ ।
- आँधीखोलामा स्थानीय रैथाने माछाको प्रवर्द्धन र संरक्षण गर्न आवश्यक कार्यक्रम बनाई संचालन गरिने छ ।
- माछापालन व्यवसायीहरुलाई प्रोत्साहन गर्ने निति लिईने छ ।

**<u>सिंचाई</u>**

- कृषि उत्पादकत्व वृद्धिमा सहयोग पुऱ्याउन सिंचाई नपुगेका गाउँ क्षेत्रलाई लक्षित गरी साना सिंचाई आयोजनाहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाईने छ ।
- कृषि योग्य जमिनहरु तथा कृषि पकेट क्षेत्रको पहिचान गरी सो क्षेत्रमा विभिन्न परम्परागत र आधुनिक प्रविधिको माध्यमबाट खेर गएको पानीलाई उपयोग गरिने छ ।
- आँधीखोला तथा अन्य ठाडोखोलाहरुबाट हुने कटानको रोकथाम गरिने छ ।
- गाउँपालिका भित्रका परम्परागत कुलाहरुलाई मर्मत तथा संभार गरी प्रयोगमा ल्याईने छ ।

**<u>पशुपंक्षीतर्फ</u>**

- स्थानिय रैथाने जातको कुखुरा र हाँसलाई प्रवर्द्धन गरिनेछ, स्थानीय जातको कुखुरापालन गर्ने कृषकहरुलाई पुरस्कृत तथा प्रोत्साहन गरिनेछ ।
- दुध, मासु, अन्डामा आत्मनिर्भर बनी निर्यात गर्न पहल गरिने छ ।
- हाल गाउँपालिका क्षेत्रमा अण्डाको उत्पादन शुन्य प्रायः भएकाले लेयर्स कुखुराको फार्म सञ्चालनमा प्रोत्साहन गरिने छ ।

- दुध चिस्यान केन्द्रहरुको स्थापना गरी स्थानीय कृषकहरुबाट उत्पादित दुधलाई चिस्यान केन्द्र मार्फत बजारमा सहज पहुँच पुऱ्याउन पहल गरिने छ ।
- गोठ, भकारो तथा मलखाद सुधार कार्यक्रम सञ्चालन गरी पशु उत्पादनमा बृद्धि गरिनेछ ।
- पशुपालनका क्षेत्रमा पशुसेवा प्रसारका कार्यक्रम, समूह समितिहरु गठन र कार्यक्रममा आवद्धता, कृषक भ्रमण, तालीम, गोष्ठी जस्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र नमुनाको रुपमा कम्तिमा **एक वडा एक कृषि तथा पशुपालन फर्म** स्थापना गर्न प्रयत्नशिल रहने, समूहगत रुपमा र व्यवसायिक फार्महरुलाई विभिन्न किसिमका अनुदानका कार्यक्रम लाई प्रवर्द्धन गरिने छ ।
- कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गरी दुध तथा मासु उत्पादमा बृद्धि गरिने छ ।
- पशु विमा सम्वन्धमा अभिमूखिकरण गरी पशु विमा प्रति प्रोत्साहन गरिने छ ।

## सहकारी

- सहकारी संस्थाहरुको अनुगमन निरिक्षण लाई प्रभावकारी वनाउँदै उत्कृष्ट सहकारीहरुलाई पुरस्कृत गरिने छ ।
- सहकारी तथा वित्तिय संस्थाहरुसँग सहकार्य गरी व्यवसायिक किसानहरुलाई सर्वसुलभ दरमा ऋण उपलब्ध गराउन पहल गरिने छ ।
- उद्यमशिलता विकासका लागि उन्मुख सहकारी संस्थाहरुलाई प्रवर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।
- महिला उद्यमीहरुको विकास गर्न महिला सहकारी संस्था प्रवर्द्धनमा जोड दिईनेछ ।
- सहकारी संस्थाहरुको सहकार्यमा उत्पादन, प्रशोधन र बजारिकरणमा जोड दिइने छ ।

## उद्योग/वाणिज्य/आपूर्ति

- गाउँपालिका स्तरीय उद्योग ग्राम खोल्न आवश्यक पहल गरिने छ ।
- उद्यमशिलता विकास एवं आयमुलक रोजगारी अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरी महिला, दलित, आदिवासी/जनजाति र पछाडि परेका जनसमुदायलाई लघु उद्यममा सहभागी गराइने छ ।
- लक्षित समुदायमा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- गुणस्तरहीन एवं म्याद नाघेका बस्तुहरुको बिक्री बितरणलाई रोक्न प्रभावकारी कदम चालिने छ ।
- एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ ।
- वन तथा वनस्पतिजन्य उद्योगहरुको स्थापना गरी आय आर्जनमा बढाबा दिइने छ ।
- एक वडा दुई व्यवसायिक आरनको नीति लिइ सेवामूलक उद्योग स्थापनामा जोड दिईनेछ ।

## पर्यटन/संस्कृति

- आँधीखोला गाउँपालिका भित्रका संभाव्य पर्यटकीय क्षेत्रहरुको सांस्कृतिक जगेर्ना गर्दै भौतिक पुर्वाधारहरुको विकास एवं दिगो पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । साथै पर्यटन उद्योगबाट रोजगारीको सृजना गर्दै लगिने छ ।

- पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन सक्ने मेला, महोत्सव, ऱ्याली तथा अन्य प्रचार प्रसारका कार्यक्रमहरुको आयोजना गरिनेछ ।
- पर्यटन विकासका लागि पर्यटन विकास समिति बनाई कार्य अगाडी बढाईनेछ ।
- गाउँपालिकाको केन्द्रदेखि गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सकिने पर्यटन मार्गहरुको निर्माण गरिनेछ ।
- सिरुवारी होमस्टेका अतिरिक्त अन्य होमस्टे क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रको विकास गरिनेछ ।
- डहरेको लेकलाई जंगल पार्कको रुपमा स्थापना गरिने छ ।

**ख) वातावरण तथा विपद् व्यवस्थापन**

**वन**

- नाङ्गा डाँडाहरुमा बृक्षारोपण गर्ने, वन क्षेत्रमा उपलब्ध हुने चिराइतो, अम्रिसो, कुरिलो, लप्सी, वेदबाँस जस्ता विभिन्न प्रजातिका रुख विरुवा एवं जडीबुटीलाई व्यवसायिक खेती तर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउन पहल गरिने छ ।
- वन, कृषि, भु तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्बन्धित विषयहरुमा एकीकृत रुपमा योजना सञ्चालन गर्ने नीति लिईनेछ ।
- बन पैदावरमा आधारित लघु उद्यम कार्यक्रम सन्चालन गरिने छ ।
- समुहद्धारा विरुवा उत्पादन गरिने छ ।
- सामुदायिक वन व्यवस्थापन र निजी वन दर्ता गर्न प्रोत्साहन गरिने छ ।
- ब्यबसायिक रुपमा काठ, दाउरा, निकासी तथा बनजन्य जडीबुटी वा गैर काष्ठ बन पैदावर विक्री वितरण लाई ब्यबस्थीत गरिने छ ।
- बन फडानी र बन डढेलो निरुत्साहित गरी वन व्यवस्थापन र लोपोन्मुख बन्यजन्तु संरक्षणमा जोड दिईने छ ।
- वनमासा जस्ता वनलाई हानी पुऱ्याउने वनस्पति तथा पूराना रुख, काठ हटाई वहुमुल्य विरुवा वृक्षारोपण तर्फ ध्यान दिईने छ ।

**वातावरण**

- प्राकृतिक वातावरणको संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिईनेछ ।
- वातावरण संरक्षणको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण मैत्री बनाइनेछ ।
- पानीको स्रोतको दिगोपनाको लागि पुराना कुवा मुहान तथा पोखरीहरुको मर्मत सम्भार एवं संरक्षणका साथै पुर्नभरण पोखरी (Recharge Pond) बनाउने कार्यलाई सबै वडामा जोड दिईनेछ ।

**फोहोरमैला व्यवस्थापन**

- फोहोरमैला व्यवस्थापनका लागि आमा समुह, टोल विकास संस्था, युवा क्लवसँगको सहकार्यमा फोहरलाई कुहिने र नकुहिने गरी वर्गिकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- नकुहिने र पुनः प्रयोग गर्न सकिने फोहरलाई निजी क्षेत्रको सहयोगमा व्यवस्थापन गरिने छ ।

- बजार उन्मुख सम्भाव्य क्षेत्रहरुमा नाला तथा ढल निकासको व्यवस्थापन गर्न प्रयत्न गरिने छ ।

**विपद् व्यवस्थापन**

- बिभिन्न दैवी प्रकोप, आगलागि, बाढी पहिरो, जस्ता विपद्हरुमा परेकाहरुका लागि तत्काल आवश्यक सहयोगका लागि विपद् व्यवस्थापन कोष खडा गरी संचालन गरिने छ ।

## ग) सामाजिक क्षेत्र

**शिक्षाः**

- आधारभुत वाल विकास केन्द्र तथा लक्षित समूहका बालबालिकाहरुको पहुंच बढाउन विभिन्न प्रोत्साहनका कार्यक्रमहरु ल्याउने नीति अपनाइनेछ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गै.स.स.हरुको साझेदारी (partnership) मा बालबालिकाको हित र कल्याणको लागि सहयोगात्मक (supportive) र प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइने छ ।
- सामुदायिक विद्यालयहरुको पूर्वाधार विकासमा जोड दिने नीति लिईनेछ ।
- खुला विश्वविद्यालयका केन्द्रिय वा क्षेत्रीय ईकाइहरु स्थापनामा पहल गर्ने नीति लिईने छ ।
- गाउँपालिका क्षेत्रमा रहेका सामूदायिक विद्यालयहरु मध्ये कम्तिमा १ विद्यालयलाई प्राविधिक विद्यालय र १ विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- विद्यालय पहुँच भन्दा बाहिर रहेका, बीचैमा कक्षा छाड्ने वालवालिकालाई विद्यालय भित्र्याउन आवश्यक पहल गर्ने नीति लिइनेछ ।
- प्रत्येक विद्यालयहरुमा स्वच्छ खानेपानी को ब्यवस्था गरिने छ ।
  - स्वास्थ्य प्राविधिक शिक्षालय स्थापना गर्न पहल गरिनेछ ।

**स्वास्थ्यः**

- स्वास्थ्य विमा गराउन गाउँपालिकावासीलाई सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- जन स्वास्थ्यसँग सम्बन्धित प्रतिरोधात्मक, निदानात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सेवाहरु प्राथमिक स्वास्थ सेवाको सिद्धान्तअनुसार सञ्चालन गरिने छ । सञ्चालनमा रहेको अत्यावश्यक स्वास्थ्य सेवालाई विस्तार गरिनेछ ।
- आधारभुत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सेवाबाट वञ्चित गाउँवासी, समुदाय (आदिवासी/जनजाति, महिला, दलित, अपाङ्ग )लाई लक्षित गरी स्वास्थ्य सम्वन्धी चेतनामुलक र विशेष लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईनेछ ।
- महिला स्वास्थ्य (प्रजनन् स्वास्थ्य) र वाल स्वास्थ्य-खोप, पोषणमा थप जोड दिइने छ ।
- गाउँपालिकाका वडाहरुमा थप २ वटा बर्थिङ सेन्टर स्थापना गरिने छ ।
- स्वस्थ घर, स्वस्थ गाउँ तथा स्वस्थ गाउँपालिका बनाउन प्रयत्न गरिने छ ।
- गाउँ घर क्लिनिक मार्फत वालवालिकाहरुको स्वास्थ्य परीक्षण गर्ने नीति लिईनेछ ।
- स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता बृद्धि गर्न पुनर्ताजकी तालिम तथा प्रोत्साहन गरिने छ ।
- गर्भवती महिलालाई स्वास्थ्य संस्थामा गर्भजाँच गराउँदा प्रोत्साहन गरिने छ ।

- एक पालिका, एक अस्पताल भन्ने संघीय र प्रदेश सरकारको नीति अनुसार गाउँपालिका स्तरीय अस्पताल निर्माण गर्न पहल गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र एम्वुलेन्स सेवा सञ्चालन गर्न पहल गरिने छ ।

**खानेपानी**

- खानेपानी सुविधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ ।
- एक घर एक धाराको सरकारी नीतिलाई गाउँपालिकाको हकमा समेत आत्मसात गर्दै जाने नीति लिईनेछ ।
- सरसफाई कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रुपमा सञ्चालन गरिनेछ । गाउँ क्षेत्रको सरसफाइ कार्यलाई तीव्रता र निरन्तरता दिइने छ ।

**महिला, दलित तथा जनजाति :**

- महिलाहरुको क्षमता अभिवृद्धि र आयमा बृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला हिंसा तथा महिलालाई गरिने दुर्व्यवहार रोक्न शुन्य सहनशीलताको नीति अवलम्वन गरिने छ ।
- छुवाछुत तथा जातीय भेदभाव विरुद्धको जनचेतना अभियान संचालन गरिने छ ।
- जनजातिको भाषा संस्कृतिको जगेर्नाका लागी बिशेष अभियान संचालन गरिने छ ।

**बालबालिका:**

- बालमैत्री स्थानीय शासनको अवधारणा तथा तत्कालीन नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी “बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि, २०६८” लाई आत्मसात गरी यस आँधीखोला गाउँपालिकालाई पूर्ण रुपमा बालमैत्री स्थानीय तहको रुपमा स्थापित गराउने उद्देश्य लिइने छ ।
- बालबालिकालाई सबै किसिमका दुर्व्यवहार, यातना, अपहरण र भेदभावमुक्त बनाउन आवश्यक पहल गरिनेछ ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विपन्न बालबालिकाहरुको स्वास्थ्य तथा पोषण सम्बन्धी विशेष लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।
- वालश्रम न्यूनिकरणको नीति लिईनेछ ।

**फरक क्षमता भएका व्यक्तिहरू:**

- विश्वव्यापी मापदण्ड अनुरुप सडक, यातायात, सार्वजनिक स्थल, सरकारी भवन, अस्पताल र विद्यालयहरु भिन्न क्षमता मैत्री बनाइनेछ ।
- सामाजिक आर्थिक पूर्वाधारहरुको विकास गरी भिन्न क्षमता भएका व्यक्तिहरुको लागि स्वतन्त्र, स्वावलम्वी र मर्यादित जीवनयापनका अवसरहरुको सिर्जना गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको सशक्तिकरणका लागि उनीहरुका संस्थाहरु तथा सरकारी एवं राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुबीच अन्तरसम्बन्ध, सहकार्य, सहयोग र समन्वयलाई सुदृढ बनाइने नीति लिइने छ ।

## युवा तथा खेलकुद

- सामाजिक, आर्थिक, उद्यमशीलताको विकास गर्दै युवाहरुलाई रोजगारी तथा स्वरोजगारी र सामाजिक कार्यका लागि अवसर प्रदान गरिनेछ।
- गाउँपालिका स्तरीय खेल मैदान बनाउन पहल गरिने छ।
- युवाहरुलाई दुर्व्यसनीबाट मुक्त राख्न सचेतनामुलक कार्यक्रम संचालन गरिने छ।
- विदेश पलायन हुने युवा सोचलाई निरुत्साहित गरी नमूनाको रुपमा युवा व्यवसायिक कृषक उत्पादन गरी कृषि क्षेत्रका विभिन्न व्यवसाय गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ।
- युवाहरुको शिक्षा, तालिम, रोजगारीलाई विशेष ध्यान दिइनेछ।
- युवाहरुको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि खेलकुदमा सहभागी हुन प्रेरित गरिनेछ।
- अध्यक्षकप रनिङ शिल्ड खेलकुद तथा रचनात्मक कार्यक्रमलाई निरन्तरता दिईने छ।
- गाउँपालिकाको सक्रिय जनसंख्यालाई गाउँपालिका मै आकर्षित गर्ने नीति लिईनेछ।

## ज्येष्ठ नागरिक:

- श्रवणकुमार जेष्ठ नागरिक गाँउघर स्वास्थ्य क्लिनिक संचालन गरिने छ।
- ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट सञ्चालनमा रहेका जेष्ठ नागरिक भत्ता लगायतका आर्थिक सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गरिने छ।
- जेष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवलाई सदुपयोग गर्ने नीति लिइने छ।
- जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने नीति लिईनेछ।

## घ) भौतिक पूर्वाधार क्षेत्र:

- वडा केन्द्रबाट गाउँपालिकाको केन्द्रसम्म पुग्ने सडकहरुलाई स्तरउन्नत्ति तथा कालोपत्रे गर्न प्राथमिकता दिईने छ।
- समुदायबाट पहिचान गरिएका भौतिक पूर्वाधारका क्षेत्रहरुको निर्माणमा जोड दिइनेछ।
- सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन गरिने हरेक खालका विकास निर्माण तथा सेवा प्रकृयामा वातावरण संरक्षण तथा प्रवर्द्धनमा विशेष जोड दिइनेछ। सार्वजनिक सडकको दायाँबायाँ Bio-engineering प्रविधिको प्रयोग गरिनेछ।
- पूर्वाधारको विकास एवं निर्माण गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्ग, समुदाय, जाती र क्षेत्र लाभान्वित हुने गरी सन्तुलन कायम गरिने छ।
- यातायात लगायतका पुर्वाधारका काममा कम्तिमा तिस प्रतिशत स्टक्चर को काम गर्नुपर्नेछ।
- गाउँपालिका भित्रका रणनीतिक सडकहरुको सडक यातायात गुरुयोजनाले निर्धारण गरेको मापदण्ड लागु गरिने छ।
- विद्युतीय काठको पोललाई ग्याल्भानाईज्ड स्टिल पोलले विस्थापित गरिनेछ।
- गाउँपालिका भित्र एउटा नमुना सडक निर्माण गर्न आवश्यक रकम बिनियोजन गरिने छ।
- कन्टिन्जेन्सी तर्फको रकमबाट कम्तिमा पच्चीस प्रतिशत **रकम मर्मत सम्भार कोष** खडा गरी खर्च गरिने छ।
- हरेक वर्षको फाल्गुन मसान्तभित्र पुर्वाधार तर्फका आयोजनाहरु सम्पन गराउन प्रयास गरिने छ।

- नागरिकहरुलाई सहज पहुँचका लागि हाल भईरहेको कठिनाईलाई ध्यानमा राख्दै सार्वजनिक यातायातलाई नाउडाँडादेखि हिलेखोलासम्म निरन्तर घुमिरहने गरी स्थानीय यातायात सेवा सञ्चालन गर्न विशेष पहल गरिने छ ।
- आँधिखोला गाउँपालिका भित्र निर्माण हुने सबै घरहरुको नक्शा पास गरी भुकम्प प्रतिरोधि बनाउने नीति लिईने छ ।
- गाउँपालिका भित्र लागत सहभागिताका योजनाहरु संचालनमा प्राथमिकता दिइनेछ ।

**बस्ती विकास, शहरी योजना तथा भवन निर्माण**

- यस गाउँपालिकाको वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मापदण्ड निर्माण गरिने छ ।
- भूकम्प प्रतिरोधी भवन निर्माण आचार संहितालाई प्रभावकारी रुपमा सञ्चालन गर्दै लगिनेछ । सरकारी भवनहरु निर्माण गर्दा बाल तथा अपाङ्ग मैत्री भएमा मात्र नक्सा पास गर्ने नीति लिइने छ ।
- भू-कम्प प्रतिरोधी भवन बनाउन आवश्यक तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- सडक दायाँबायाँका अतिक्रमित भवन तथा टहराहरु सम्बन्धित सडकको मापदण्ड अनुसार हटाउने नीति लिइने छ ।

**<u>उर्जा र बैकल्पिक उर्जा</u>**

- उज्यालो घरआवास कार्यक्रम सन्चालन गरिने छ ।
- सेतीखोला जलविद्युत आयोजना साथै अन्य सम्भावित जल विद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरिने छ ।
- विद्यालय र स्वास्थ्य संस्थाहरुमा  गरिएको बैकल्पिक उर्जा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

**क्षमता विकास**

- टोल विकास संस्था र आमा समुहहरुको क्षमता विकास गर्दे उद्यमशिल कार्यक्रमहरु अवलम्वन गर्न प्रेरित गरिने छ ।
- उपभोक्ता समितिलाई क्षमता विकासको निम्ति आवश्यक तालिम उपलब्ध गराईने छ ।
- समयमै राम्रो र  गुणस्तरीय काम सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कारको ब्यवस्था गरीने छ ।

**सार्वजनिक जग्गा संरक्षण:**

- गाउँ क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि बिशेष पहल गरिनेछ । गाउँक्षेत्र भित्रका ऐलानी/पर्तिजग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइने छ र ऐलानी/ पर्ति जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्न योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिने छ । साथै सरकारी जग्गाहरुको समेत लगत लिई व्यवस्थित गरिने छ । सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्तीहरुलाई गाउँपालिकाको दायरामा ल्याईने नीति लिईनेछ ।

**सूचना । प्रविधि**

- सवै वडाहरुमा इन्टरनेटको पहुँच पुऱ्याइ गाँउपालिका र अन्य कार्यालयहरुबीच इन्टरनेटको माध्यमबाट रिपोर्ट पेश र स्वीकृति गर्ने साथै अनलाइन ब्यक्तिगत घटनादर्ताको शुरुवात गरिने छ ।
- एक वडा एक सूचना केन्द्र स्थापनामा जोड दिईने छ ।
- परम्परागत शिक्षा प्रणालीलाई सुधार गरी माध्यमिक विद्यालयहरुलाई सूचना प्रविधिको पहुँचमा पुऱ्याइने छ ।

**राजस्व सम्बन्धी नीति**

- एकीकृत सम्पती कर र व्यवसाय कर यसै आ.व. को शुरुदेखि लागु गरिने छ । करबाट संकलित रकम सम्बन्धित वडाकै विकास निर्माणमा खर्च गर्ने नीति लिईने छ ।
- आन्तरिक आयका नयाँ र स्थायी स्रोतहरुको खोजी गरिने नीति लिइने छ ।
- राजस्व असुलीमा संलग्न नागरिक तथा कर्मचारीको मनोवल उच्च गराउन आवश्यक उत्प्रेरणात्मक नीति लिइने छ ।
- यस गाउँपालिका क्षेत्रभित्र रहेका सवारी साधनहरुले नविकरण गर्दा लिईने स्थानीय कर यसै गाउँपालिकामा बुझाउन प्रेरित गरिने छ ।

**पेश्की/बेरुजु फछ्र्यौट सम्बन्धी नीति**

- हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइने छ ।
- पुरानो पेश्की. बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्व पेश्की फछ्र्यौट गराउन आवश्यक पहल गरिने छ ।

**लेखापालन तथा लेखा व्यवस्थापन सम्बन्धी नीतिः**

- लेखा व्यवस्थापन तथा लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाइने छ ।
- सार्वजनिक खर्चको मितव्ययितालाई विशेष ग्राहयता दिइने छ ।
- गाउँपालिकाको आय व्ययलाई चौमासिक रुपमा सूचना पाटी तथा वेवसाईटमा सार्वजनिक गरिनेछ ।

**भ्रष्टाचार निवारण कार्ययोजनाः**

- गाउँ कार्यपालिकाको कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन आवश्यक पहल गरिने छ ।
- सुशासनका आधारभुत मान्यताहरुलाई आत्मसात गर्दै तदनुकुलको व्यवहार गर्दै लगिने छ ।
- आँधीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरुलाई देशकै उत्कृष्ट नमूना कार्यालय र अनुकरणीय गाउँपालिका बनाउन चालु आ.व.देखि नै आवश्यक कार्यको थालनी गरिने छ ।
- कार्यालयको उजुरीपेटीका मार्फत उजुरी गुनासाहरुलाई दैनिक रुपमा प्राप्त गरी फछ्र्यौट गर्दै जाने नीति लिईने छ ।
- गाउँ कार्यपालिका कार्यालयमा सबै नागरिकहरुले स्पष्ट देख्न र पढ्न सक्ने गरी नागरिक बडापत्र राखिने छ ।
- गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट गाउँपालिका भित्रको बजार अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

**कर्मचारी प्रशासनः**

- कर्मचारीको मनोवल उच्च पार्ने नीति लिइने छ । कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई मापदण्ड तोकी उचित प्रोत्साहनको व्यवस्था गरिने छ ।
- कर्मचारीलाई सेवा प्रति लगनशील र कर्तव्य निष्ठ बनाउन दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याइने छ ।

**न्यायिक कार्य सम्बन्धी व्यवस्थाः**

- विवाद निरुपणको कार्यलाई व्यवस्थित, न्यायोचित, गैरविभेदकारी बनाउने प्रयास गरिनेछ ।
- न्यायिक समितिद्धारा विवादसँग सम्बन्धित पक्षहरुलाई झिकाउने र न्यायिक प्रक्रियालाई यथाशीघ्र छिटो सम्पादन गराउने तर्फ ध्यान दिइनेछ ।

**सभासदज्यूहरु एवं आदरणीय उपस्थित महानुभावहरु,**

कुनै एक क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने वस्तुगत यथार्थतालाई मनन गर्दै योजना तथा कार्यक्रम तयार गर्दा सबै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । यसबाट सबै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं । भने अर्को तर्फ सिमित श्रोत र साधनलाई प्राथमिकताको आधारमा बाँडफाँड गर्दा श्रोत छिरलिन गएको भन्ने आलोचनाबाट मुक्त हुन आगामी दिनमा थप श्रोत पहिचान र परिचालनमा ध्यान दिनु पर्ने देखिन्छ । यस्तै यस गाउँपालिकाको दीर्घकालिन विकासका लागि गाउँपालिकाको श्रोतले भ्याउन नसक्ने, प्रदेश र संघस्तरका ठूला लगानीका आयोजनाहरु संचालन गर्नुपर्ने भएकोले त्यस्ता आयोजना प्रदेश र केन्द्रीयस्तरका आयोजनाहरुको लागि केन्द्रमा आवश्यक पहल गरिनेछ । योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होईन यसको लक्ष्य एवं उद्देश्य प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन अनुगमन एवं मूल्यांकन जरुरी हुन्छ । यसका साथै संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु समेत आवश्यक पर्दछन् । उपरोक्त नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा सदाझैं सम्पूर्ण गाउँपालिकावासीहरु एवं सम्वद्ध सबै पक्षहरुबाट सहयोग, सल्लाह, सुझाब एवं सृजनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा, प्रस्तुत नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण गाउँपालिकाबासीहरुमा धन्यवाद दिन चाहन्छु । यो नीति तथा कार्यक्रम तयार पार्ने क्रममा हरबखत अमूल्य सुझावका साथै सहयोग गर्नुहुने गाउँपालिकाका उपाध्यक्ष, विषयगत समितिका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, सभासद्ज्युहरु, कर्मचारीहरु राजनैतिक दल, टोल विकास संस्था, नागरिक समाज लगायत सम्पुर्ण महानुभावहरुलाई हार्दिक धन्यबाद तथा आभार प्रकट गर्दछु । सदैव अमुल्य योगदान पुऱ्याउनुहुने बिषयगत कार्यालयहरु, गैसस, व्यवसायी, समाजसेवी, बुद्धिजीवी, शिक्षक, संचारकर्मी, लगायत सवैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । पुनः यस गाउँसभाबाट प्रस्तुत नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकेमा आँधीखोला गाउँपालिकाको भौतिक पूर्वाधार लगायत आर्थिक सामाजिक क्षेत्रको समग्र विकासमा सकरात्मक प्रभाव पर्ने भएकाले यसको सफल कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षहरुबाट विगतको वर्षमा झै निरन्तर सहयोगको अपेक्षा राख्दछु । हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने सम्पूर्ण महानुभावहरु प्रति कृतज्ञता ज्ञापन गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यबाद नमस्कार ।

सुधिर कुमार पौडेल
अध्यक्ष
आँधिखोला गाउँपालिका

मितिः २०७५।०३।१०